**नेपाली कांग्रेस**

**स्थानीय तह केन्द्रीय निर्वाचन परिचालन समिति**

**अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण उपसमिति**

**मितिः २०७९।०२।२५**

२०७८ साल असार २९ गते प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठन भएको सरकारको मुख्य उद्देश्य सत्ता साझेदारी मात्र नभई संविधानको पूर्ण कार्यान्वयन गरी लोकतन्त्रको संरक्षण गर्नु पनि हो। संविधानले प्रत्याभूत गरेको सङ्घीय व्यवस्थालाई कार्यान्वयन गर्न; स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनलाई तोकिएको समयमा सम्पन्न गरी संविधानको पूर्ण कार्यान्वयन गर्ने जिम्मेवारी नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारको काँधमा रहेको छ। त्यसअनुरूप सरकारले स्थानीय तहको निर्वाचन सम्पन्न गरेर एउटा महत्त्वपूर्ण जिम्मेवारी पूरा गरेको छ।

स्थानीय सरकार मार्फत जनपक्षीय कामहरु गर्दै जनतालाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यका साथ नेपाली कांग्रेसले स्थानीय निर्वाचन २०७९ मा अधिकतम पदमा विजय हासिल गर्न सहयोग पुर्याउनका लागि स्थानीय तह केन्द्रीय निर्वाचन परिचालन समिति अन्तर्गत यस अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण उपसमिति गठन गरेको थियो। स्थानीय तह २०७९ को निर्वाचनका सन्दर्भमा नेपाली कांग्रेस केन्द्रीय निर्वाचन परिचालन समितिले विभिन्न उपसमितिहरू गठन गरेको थियो। यस अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण उपसमितिले वडा तहसम्म निर्वाचनको गतिविधि र परिचालन के कसरी सञ्चालन भइरहेको छ र गठबन्धनमा रहेका दलहरूबिचको समन्वय के कस्तो भइरहेको छ भन्ने विषयवस्तुको अध्ययन र विश्लेषण गर्ने जिम्मेवारी पाएको थियो।

यस अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण उपसमितिले पार्टीले दिएको कार्यादेश अनुसार तथा समिति आफैले कार्यक्षेत्र निर्धारण गरी स्थानीय निर्वाचन २०७९ को अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षणको स्थलगत कार्य समेत सम्पन्न गरी सो को प्रतिवेदन नेपाली कांग्रेसका उपसभापति तथा स्थानीय निर्वाचन परिचालन समितिका संयोजक श्री पुर्ण बहादुर खडकामार्फत केन्द्रीय कार्यसमितिलाई बुझाईएको छ। उक्त प्रतिवेदनका मुख्य प्राप्ती तथा निष्कर्षहरु निम्न बमोजिम रहेको कुरा यहाँहरु समक्ष अवगत गराउँदछु।

## मुख्य प्राप्ती तथा निष्कर्ष

वि.सं. २०४६ मा प्रजातन्त्र पुर्नस्थापनापछी २०५४ सालको स्थानीय निर्वाचन र २०७० को दोस्रो संविधान सभाको निर्वाचन बाहेक सबै निर्वाचन नेपाली कांग्रेस नेतृत्चको सरकारले गराएको छ । यसले लोकतन्त्रप्रतिको नेपाली कांग्रेसको निष्ठालाई थप विश्वसनिय बनाएको छ। वि.सं २०७२ सालको संविधान जारी भएपछि २०७४ सालमा भएको स्थानीय निर्वाचनको ठिक पाँच वर्षकै अवधिमा सम्पन्न भएको यस निर्वाचनले हाम्रो लोकतान्त्रिक प्रणाली स्थापित हुँदै गएको सन्देश दिएको छ। नेपाली कांगेसले अन्य राजनैतिक दलहरूसंग समन्वय गरी राष्ट्रिय समस्या समाधान गर्ने सामार्थ्य देखाएको छ।

स्थानिय निर्वाचन २०७९ को प्रारम्भ देखि परिणामसम्म भएका गतिबिधिहरू तथा बिभिन्न रणनीतिहरूका बारेमा आन्तरिक रूपमा समिक्षा गर्न सहज होस भन्ने हेतुले निर्वाचनसंग सम्बन्धित सबै बिषयहरूको विश्लेषण गर्दै तथ्यहरूको आधारमा सफलता र कमजोरी समाबेश गर्दै समितिले प्रतिवेदन तयार गरेको छ ।

स्थानीय निर्वाचन २०७९ को नतिजाले नेपाली कांग्रेसलाई सबैभन्दा ठूलो दलको रूपमा स्थापित गरेको छ। वडा अध्यक्षमा प्राप्त गरेको मतको आधारमा नेपाली कांग्रेस सबैभन्दा ठुलो दलको रुपमा स्थापित भएको छ।

**स्थानीय निर्वाचन २०७९ मा कांग्रेसको उपस्थिति:**

- कुल ७५२ स्थानमध्ये प्रमुख पदमा ३२९ स्थानमा विजय (१८८ अध्यक्ष र १४१ प्रमुख), जुन कुल स्थानको करिव ४४% हुन आउदछ।
- कुल ७५२ स्थानमध्ये उपप्रमुख पदमा ३०० स्थानमा विजय (१९० उपाध्यक्ष र ११० उपप्रमुख), जुन कुल स्थानको ४०% हुन आउदछ।
- कार्यकारी पदमा १५०४ मध्ये ६२९ स्थानमा नेपाली कांग्रेसको उपस्थिति, जुन जम्मा स्थानको करिव ४२% हुन आउदछ।
- हालसम्म निर्वाचन भएको ७६३३ वडा अध्यक्ष मध्ये २६६५वडा अध्यक्ष, २६०६ महिला सदस्य, २५५१ दलित महिला सदस्य र ५३०७ खुल्ला सदस्य विजय प्राप्त। वडा अध्यक्षमा कुल संख्याको करिव ३९% विजयी।
- नेपाली कांग्रेसका वडा अध्यक्षका उमेदवारले पाएको मत ३८,८३,१३८ छ। जुन नेकपा एमालेका वडा अध्यक्षका उमेद्वारले पाएको भन्दा १,७५,०७६ मतले बढी छ। (मत गणना गर्दा, विजयी, प्रत्यासी र तेस्रो स्थानमा सम्म आएकालाई आधार बनाइएको)

- **प्रदेशगत विवरण**
  - प्रदेशगत आधारमा प्रमुख र उपप्रमुख पदमा नेपाली कांग्रेस सातवटै प्रदेशमा सबै दलहरू भन्दा अगाडी रहेको।
  - बागमती र कर्णाली प्रदेशमा एमालेको भन्दा दोव्वर संख्यामा विजयी (बागमतिमा ने. का. ५८, एमालेको २५, कर्णालीमा ने. का. ३२, एमालेको १५)
  - सबैभन्दा कम फरक गण्डकी प्रदेशमा (ने. का. ३६, एमालेको ३५)
  - प्रदेश १ मा ने. का. ६९, एमाले ४७; मधेश प्रदेशमा ने. का. ४६, एमाले ३०; लुम्बिनी ने. का ४८, एमाले २७, र सुदूर पश्चिम ने. का ४०, एमाले २५ स्थानीय तहमा विजयी।
- **स्थानीय तह निर्वाचन २०७४ र २०७९ को तुलनात्मक विश्लेषण:**
  - स्थानीय तह निर्वाचन २०७४ मा नेपाली कांग्रेसले प्रमुख/अध्यक्ष पदमा २६६ (करिव ३५%) स्थानीय तहमा विजय प्राप्त गरेको थियो भने २०७९ मा ३२९ (करिव ४४%) स्थानीय तहमा विजय प्राप्त गरेको छ।
  - स्थानीय तह निर्वाचन २०७४ मा उपप्रमुख/उपाध्यक्ष पदमा २२३ (करिव ३१%) स्थानीय तहमा विजय प्राप्त गरेको थियो भने स्थानीय तह २०७९ मा ३०० (करिव ४०%) स्थानमा विजय प्राप्त गरेको छ।
  - स्थानीय तह २०७४ मा १५०६ कार्यकारी पदमा ४९९ (करिव ३३%) विजय प्राप्त गरेको स्थानीय तह निर्वाचन २०७९ मा १५०४ मध्ये ६२९ पदमा (करिव ४२%) विजय प्राप्त गरेको छ।
  - स्थानीय तह निर्वाचन २०७४ मा ६७४३ वडा मध्ये २२८७ (करिव ३४%) वडा अध्यक्षमा जित हाँसिल गरेको नेपाली कांग्रेसले २०७९ मा २६६५ (करिव ३९.५%) वडा अध्यक्षमा जित हाँसिल गरेको छ।
- **गाउँपालिका र नगरपालिकामा नेपाली कांग्रेसको उपस्थिती**
  - स्थानीय तह निर्वाचन २०७४ मा १०५ नगरपालिकामा जितेको नेपाली कांग्रेसले २०७९ मा १४० नगरपालिकामा विजय हाँसिल गर्न सक्यो।
  - स्थानीय तह निर्वाचन २०७४ मा १६१ गाउँपालिकमा जितेको नेपाली कांग्रेसले स्थानीय तह निर्वाचन २०७९ मा १८८ वटा गाउँपालिकामा विजय हासिल गरेको छ।

- गाउँपालिकाको तुलनामा नगरपालिकामा उपस्थिति राम्रो छ ।
- महानगरपालिका र उपमहानगरपालिकामा नतिजा सन्तोषजनक रहन सकेन ।

- **२०७४ र २०७९ मा ने. का. का विजयी र पराजित उमेद्वारको संख्या**

| | |
|---|---|
| २०७४ र २०७९ मा दुवैमा विजयी | १४० |
| २०७४ मा जितेका २६६ मध्ये २०७९ मा पराजित | १२५ |
| २०७४ मा प्रमुख/अध्यक्ष नजितेकोमा २०७९ मा विजयी | १८९ |
| २०७४ र २०७९ मा दुवैमा पराजित वा उमेद्वारी नदिएको | २९८ |

**गठबन्धनको अबस्था**

- कुल ७५३ स्थानीय तहमा ३२४ (४३%) स्थानमा गठबन्धन भएको थियो ।
- **३२४ स्थानीय तहको गठबन्धन मध्ये:**
    - नेपाली कांग्रेसले प्रमुख पदमा २०९ र उपप्रमुख पदमा ११५
    - नेकपा माओवादी केन्द्र प्रमुख ८१, उपप्रमुख १४१,
    - एकिकृत समाजवादी प्रमुख २७, उपप्रमुख ४३,
    - राष्ट्रिय जनमोर्चा ४ प्रमुख, ६ उपप्रमुख, र
    - जसपा नेपाल ४ प्रमुख र ३ उपप्रमुख पदमा गठबन्धनको तर्फबाट चुनावी मैदानमा गएका थिए ।
- **३२४ को गठबन्धन मध्येको विजयी:**
    - कांग्रेसले २०९ प्रमुखमा १२८, ११५ उपप्रमुखमा ८५;
      (उमेद्वारि भित्र नेपाली कांग्रेसको प्रमुखमा ६१ र उपप्रमुखमा ७४ % विजयी)
    - नेकपा माओवादी केन्द्रले ८१ प्रमुखमा ६९, १४९ उपप्रमुखमा ७९;
    - एकिकृत समाजवादीले २७ प्रमुखमा १३, ४३ उपप्रमुखमा १४,
    - राष्ट्रिय जनमोर्चाले ४ प्रमुखमा ४, ६ उपपप्रमुखमा ३, र
    - जसपा नेपालले ३ प्रमुखमा २ र ११ उपप्रमुखमा ४ स्थानमा विजय हाँसिल गरेको थियो ।

**गठबन्धन र गठबन्धन बाहेक विजयी**

| | गठबन्धन | | गठबन्धन बाहेक | | जम्मा (उमेद्वारीमा) | | जम्मा संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष |
| **उमेद्वारी** | २०९ | ११५ | ४२३ | ४१९ | ६३२ | ५३४ | ७५२ | ७५२ |
| **विजयी** | १२८ | ८५ | २०१ | २१५ | ३२९ | ३०० | ३२९ | ३०० |
| **विजय% (उमेद्वारी भित्र)** | ६१.२ | ७३.९ | ४७.५ | ५१.३ | ५२.०५ | ५६.२ | ४३.७ | ३९.८ |
| **कार्यकारी पद** | २१३ | | ४१६ | | ६२९ | | ६२९ | |

## नयां र पूराना उमेद्वार विजयी संख्या र प्रतिशत

| विवरण | पालिका प्रमुख एवं अध्यक्षमा नेका उमेद्वारी | नतिजा बाँकी | नतिजा आएका सीट | प्रमुख/अध्यक्षमा नेकाबाट विजयी | विजयी प्रतिशत |
|---|---|---|---|---|---|
| यस अघि प्रमुख अध्यक्ष नरहेका उमेद्वार | ५१० | १ | ५०९ | २६८ | ५२.६% |
| यस अघि प्रमुख अध्यक्ष भएर टिकट पाएका | १२२ | - | १२२ | ६१ | ५०.०% |
| **जम्मा** | **६३२** | **१** | **६३१** | **३२९** | |

**नोटः** यस स्थानीय तह निर्वाचनमा कुल १२२ स्थानमा नेपाली कांग्रेसले साविक विजेतालाई नै दोहोर्याएर टिकट दिएको थियो। जसमध्ये ६१ उमेद्वार पुनः वियजी भएका छन् भने अरु ६१ जनाले पराजय ब्यहोरेका छन्।

## स्थानीय तह निर्वाचन २०७४ र २०७९ मा प्रमुख तिन दल सहित अन्यको उपस्थितिः

| | प्रमुख/अध्यक्ष | | उपप्रमुख/उपाध्यक्ष | | वडा अध्यक्ष | |
|---|---|---|---|---|---|---|
| | **२०७४** | **२०७९** | **२०७४** | **२०७९** | **२०७४** | **२०७९** |
| **नेपाली कांग्रेस** | २६६ | ३२९ | २२३ | ३०० | २२८७ | २६६५ |
| **नेकपा एमाले** | २९४ | २०५ | ३३१ | २४० | २९५९ | २१२७ |
| **नेकपा माओवादी केन्द्र** | १०६ | १२१ | १११ | १२८ | ११०३ | १०५३ |
| **अन्य** | ८७ | ९७ | ८८ | ८४ | ३९४ | ८८८ |
| **जम्मा** | **७५३** | **७५२** | **७५३** | **७५२** | **६७४३** | **६७३३** |

**स्थानीय तह निर्वाचन २०७९ मा धेरै र कम स्थानीय तह जितेका जिल्ला**

| नेपाली कांग्रेसले स्थानीय तह निर्वाचन २०७९ मा धेरै स्थानीय तह जितेका जिल्लाः | नेपाली कांग्रेसले स्थानीय तह निर्वाचन २०७९ मा कम स्थानीय तह जितेका जिल्लाः |
|---|---|
| - डोटी ९ स्थानीय तहमा ७ | - दार्चुला ९ स्थानीय तहमा कुनै पनि नजितेको |
| - पांचथर ८ स्थानीय तहमा ६ | - रुकुम पुर्व ३ स्थानीय तहमा कुनै पनि नजितेको |
| - बांके ८ स्थानीय तहमा ६ | - मुस्तांग ५ स्थानीय तहमा १ वटा मात्र जितेको |
| - पर्वत ७ स्थानीय तहमा ५ | - डोल्पा ८ स्थानीय तहमा १ वटा मात्र जितेको |
| - डडेलधुरा ७ स्थानीय तहमा ५ | - सिराहा १७ स्थानीय तहमा २ वटा मात्र जितेको |
| - अछाम १० स्थानीय तहमा ७ | - महोत्तरी १५ स्थानीय तहमा २ वटा मात्र जितेको |
| - ललितपुर ६ स्थानीय तहमा ४ | - गोरखा ११ स्थानीय तहमा २ वटा मात्र जितेको |
| - काठमाण्डौं ११ स्थानीय तहमा ७ | - रोल्पा १० स्थानीय तहमा २ वटा मात्र जितेको |
| - सोलुखुम्बु ८ स्थानीय तहमा ५ | - कालिकोट ९ स्थानीय तहमा २ वटा मात्र जितेको |
| - ओखलढुंगा ८ स्थानीय तहमा ५ | - कैलाली १३ स्थानीय तहमा ३ वटा मात्र जितेको |

**५०० मत भन्दा कम मतले विजयी र पराजित उमेदवारको संख्या**

- स्थानीय तह निर्वाचन २०७९ मा १०० भन्दा कम मतले १८ जना विजयी भएका थिए भने २७ जना निकटतम ।
- यस्तै १०० भन्दा बढी र ५०० भन्दा कम मतले ७७ जना विजय भएका थिए भने ५० जना प्रत्यासी ।
- समग्रमा ५०० मतभन्दा कम मतको फरकमा प्रमुख पदमा जित्ने उमेद्वारको संख्या ९५ र निकटतम हुनको संख्या ७७ रहेको छ ।

## सुझाब

- लोकतान्त्रिक पद्दतिको विकास सुरुवाती चरणमा रहेको वर्तमान स्थितिमा विभिन्न एजेन्डा बोकेका राजनीतिक दलका आ–आफ्नै रणनीति, कार्यनीति भएको हुँदा अन्य दलसँग सहकार्य गर्दै गर्दा नेपाली कांग्रेसले पार्टीको स्पष्ट राजनीतिक र चुनावी एजेन्डा आफ्ना कार्यकर्तामार्फत नागरिक समक्ष पुर्याउने र लोकतन्त्रलाई संस्थागत गर्नको लागि पार्टीको स्पष्ट धारणा निर्माण गर्ने र राजनैतिक सहकार्यको औचित्यता पार्टी पंक्तिलाई बुझाउन सक्नुपर्ने ।

- उमेद्वारीको टिकट दिँदा सकेसम्म स्वच्छ छवि, उर्जाशीलता, घोषणा पत्र स्थानीयकरण गर्नसक्ने क्षमता भएका, लोकप्रियता, निरन्तरता जस्ता विशेषताहरूलाई मानक मानी आन्तरिक सर्बेक्षणको आधारमा उमेद्वार बनाइनु पर्ने ।
- टिकट बितरण विधानले निर्दिष्ट गरेको समयमा हुनुपर्ने । टिकट वितरणका सम्बन्धमा वैधानिक व्यवस्थालाई पुर्ण रूपमा कार्यान्वयन गर्दै लोकप्रियता र न्यायको सिद्धान्त स्थापित हुने गरी परिमार्जन गर्दै अगाडि बढनुपर्ने ।
- घोषणा पत्र निर्माण गर्दा निर्वाचन प्रचारका लागि मतदाता आर्कषित गर्न 'कांग्रेसलाई नै भोट किन ?' भन्ने प्रश्नको सटिक, आकर्षक र बुझिने खालको नारा वा स्लोगन सरल रुपमा जनजिब्रोमा आउने गरी बनाउनु पर्ने ।
- स्थानीय तहमा मतदाता आकर्षित गर्न स्थानिय स्तरकै विकास निर्माणका योजनाहरुको प्रभावकारी ढंगले मतदाता समक्ष अन्तरसंवाद गर्न सक्ने गरी उमेद्वारलाई प्रशिक्षण गर्ने । विकास निर्माणका योजनाहरुको प्रक्रिया पनि बताउन सक्नु पर्ने, घोषणपत्रका माध्यमबाट साझा भविष्य निर्माणको आशा संचार गर्ने अवस्था निर्माण गर्न सक्नुपर्ने ।
- यस पटक देखिएको सुधारात्मक नतिजालाई आगामी प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा अझ वृद्धि गर्नका लागि प्रचार प्रसार शैलिमा आधुनिक प्रविधिको प्रयोग गर्दै पार्टीको पक्षमा माहोल सिर्जना गरेर अझ उत्साहजनक वातावरण बनाउँदै थप उपलब्धि लिन अग्रसर हुनुपर्ने ।
- आम संचारको बिकासले प्रचारको खासै समस्या रहेन । केवल प्रचार गर्न लायक एजेण्डा भए पुग्ने स्थिति बनेकोले जनताको आवश्यकतासंग जोडिएका मुद्दा निर्माण गर्न सक्नुपर्ने ।
- मतपत्र भद्दा भएको हुनाले बदर मतको संख्या उल्लेख्य बढेको जसलाई कम गरी पार्टीको सदर मत बृद्धि गर्न मतदाता शिक्षालाई प्रभावकारी बनाउने, मतदाता शिक्षाका लागि नेपाली कांग्रेसले आफ्ना क्रियाशील सदस्यहरू तथा पार्टीका प्रशिक्षित कार्यकर्तालाई घर टोलमै पठाएर मतदाता सुसुचित गर्नुपर्ने । गठबन्धनको नयाँ अवस्थामा मतदाताको सोही अनुसारको मनोविज्ञान निर्माण गर्न मतदान गर्ने विधिका बारेमा सुसुचित गर्न गठबन्धनमा आवद्ध सबै दलको सम्पुर्ण सामर्थ्य प्रयोग गर्ने ।
- नेपाली कांग्रेसले समयक्रममा फेरिइरहने मतदाताको मनोविज्ञान बुझ्ने, नयाँ मतदातालाई आकर्षित गर्ने र उनीहरू लक्षित कार्यक्रम बनाउने विषयलाई प्राथमिकतामा राख्ने ।
- समकालिन विमर्शहरूमा आफुलाई अद्यावधिक गर्दै प्रजातान्त्रिक विचारधारा भएका व्यक्तिहरूसँग निरन्तर समन्वय, संवाद र छलफल गरी निर्वाचनको नतिजा नेपाली कांग्रेसको पक्षमा पार्न पहल गर्ने ।
- नयाँ र आकर्षक चुनावी प्रचार विधीको रणनीति तयार गर्दा प्राविधिक ज्ञान भएका र डिजिटल दुनियासँग सापेक्ष हुदै आम मानिसमा पुग्न नेपाली कांग्रेसले गरेका राम्रा कामहरूलाई व्यवस्थित रूपमा

लोक भाका र अन्य विभिन्न भाषामा कर्णप्रिय गीतहरू बनाएर, डकुमेन्ट्री र भिडियो कन्टेन्टका रूपमा तयार गर्ने र त्यसलाई लाखौँको संख्यामा रहेका पार्टी कार्यकर्तामार्फत प्रचार गर्नुपर्ने ।

- पार्टीका एजेन्डालाई समुदाय स्तरमा मतदाता सम्म पुर्याउने शैली पुरानै छ जसको लागि प्रविधि बुझेका कार्यकर्ता पंक्तिलाई परिचालन गरेर डिजिटल प्रविधिमा आधारित स्थानीय भाषा प्रयोग गर्दै सरल स्वरूपका निर्वाचन प्रचार सामग्री निर्माण गर्नु पर्ने । यसरी निर्माण गरिएका प्रचार प्रसारका सामग्रीहरूलाई आम सञ्चार माध्यम र सोसल मिडियाको माध्यमबाट मतदाता समक्ष पुर्याउनु पर्ने ।
- १८ वर्ष उमेर पुगेका कांग्रेसका सम्भावित मतदातालाई नामावलीमा समावेश गर्न पालिका, वडा तथा टोल इकाइ समितिलाई सक्रिय पार्नुपर्ने ।
- भातृसंस्था तथा शुभेच्छुक संस्थाको प्रभावकारी परिचालन गर्नुपर्ने । निर्वाचनको माहोल नेपाली कांग्रेसको पक्षमा पार्नका लागि निश्चित कामको सुहाउँदो जिम्मेवारी छुट्टयाई सक्रिय बनाउनु पर्ने ।
- कतिपय वडाहरूमा क्रियाशील सदस्य बराबर पनि मत नेपाली कांग्रेसलाई नआएको रिपोर्ट पनि प्राप्त भएको छ । क्रियाशील सदस्यता नविकरण र नयाँ बितरण सम्बन्धि बिषयलाई नयाँ शिराबाट पुनः विचार गरिनुपर्ने ।
- निर्वाचन प्रकृया सकिए पछि नयाँ तथा पुराना बिजेता उमेद्वारहरूको लागि अनुभवको आदान प्रदान गर्ने परिस्थिति मिलाउने ।
- निर्वाचनका समयमा गरेको प्रतिबद्धताहरू पुरा गरेको नगरेको जस्ता बिषयमा छुट्टै इकाइ गठन गरी आबधिक रूपमा कार्यप्रगति विवरण लिने साथै आवश्यकता अनुसार सल्लाह, सुझाव र निर्देशन दिनु पर्ने ।
- काम बिशेषले आफ्नो घर वा मतदाता नामावली नभएको स्थानमा भएका मतदातालाई मतदानमा सहभागी गराउन विशेष कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्ने देखिन्छ जसले गर्दा उनीहरूलाई मतदान स्थलमा पुर्याउन बिशेष योजना बनाउनु पर्ने ।
- वर्तमान चुनावी व्यवस्था माथि हुने गरेको टिका टिप्पणीलाई कम गर्न नेपाली कांग्रेसले आफ्नो र समग्र देशको चुनावी खर्च कम गराउन प्रविधिमैत्री र पारदर्शी निर्वाचन प्रणालीको बिकास गर्नुपर्ने ।
- निर्वाचनमा वित्तिय अनुशासनको लागि कानुनी व्यावस्था गर्न अन्य दलहरू र निर्वाचन आयोगसँग समन्वय गरी अघि बढ्ने ।
- निर्वाचित जनप्रतिनीधिलाई प्रशासन सेवालाई सेवामुखी बनाउन, अनियमिता र चुहावटलाई शून्यमा झार्न प्रयत्न गर्ने, पूर्वाधार विकासको योजनाबद्ध खाका बनाउन, वातावरण संरक्षण गर्न र जनपक्षीय काम गर्न लगाउने । पार्टीले केन्द्रीय तहबाट समेत प्रशिक्षण, मूल्यांकनको व्यवस्था गरी देशैभरि एकरूपता कायम गर्नुपर्ने । स्थानीय सरकारले दिने सेवाबाट जनता सन्तुष्ट हुन सक्दा पार्टीको

लोकप्रियता बढने निश्चित छ। नेपाली कांग्रेस नेतृत्वका स्थानीय सरकारहरू जनमूखी, विकासमैत्री र सेवादायी भएको सन्देश दिएर भिन्न देखिनु पर्ने।

- स्वतन्त्र उमेद्वारहरूको विजयले लोकतान्त्रिक विधिमा जनता नै न्यायधिश हुन्छन भन्ने मान्यता पुष्टी भएको छ। लोकतान्त्रिक विधिको लागि लडेको नेपाली कांग्रेसले यसलाई सकरात्मक रूपमा लिनुपर्छ तर लोकतन्त्रप्रति प्रतिबद्ध जनमत विभाजित भएको चुनौति समेत नेपाली कांग्रेसलाई थपिएको छ। त्यसकारण आगामी दिनमा नेपाली कांग्रेसले आफूभित्रको कमीकमजोरीलाई समिक्षा गर्दै सच्चिने र पार्टीलाई एजेण्डामुखी बनाउने दिशातर्फ उन्मुख हुनुपर्दछ।
- नेपाली कांग्रेसले पार्टीमा नियमित अनुसन्धान, अनुगमन तथा मूल्यांकन कार्यहरूको लागि अनुगमन तथा मुल्याकंन विभागले नियमित काम लगाउने गरी स्थाई रूपमा काम गर्ने इकाइ स्थापना गर्नु पर्ने। उक्त इकाइले पार्टीका सम्बन्धित निकायहरूलाई आकांक्षी उमेद्वारहरूको लोकप्रियता सम्बन्धि सर्वेक्षण लगायतका कार्यहरूमा सहयोग गर्ने।

अन्त्यमा, स्थानीय तह निर्वाचन २०७९ का सन्दर्भमा सत्तामा रहेका पाँच दलबिचको गठबन्धनलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमै अत्यन्त चासोका साथ हेरिएको थियो। निर्वाचन परिणामलाई लिएर गठबन्धनमा रहेका दलहरूबिच आपसमा र सम्बन्धित दलभित्र नै केही असन्तुष्टि र आकाङ्क्षा एकैपटक प्रकट भएको छ। यसले प्रादेशिक र सङ्घीय निर्वाचनमा गठबन्धनले निरन्तरता पाउँछ कि पाउँदैन भन्ने विषयमा चर्चा हुन थालेको छ। गठबन्धनको औचित्य कुनै राजनीतिक शक्तिलाई निस्तेज पार्नेभन्दा पनि राजनीतिक क्रान्तिमार्फत प्राप्त उपलब्धिको रक्षा गर्दै समुन्नत राष्ट्र निर्माणमा वैचारिक प्रतिस्पर्धा अँगाल्दै रणनीतिकरूपमा साझा सङ्कल्पसहित उद्देश्य प्राप्तिका लागि अघि बढ्नु देखिन्छ।

**जय नेपाल !**

**धन्यवाद !**

प्रदीप पौडेल
(केन्द्रीय सदस्य, नेपाली काग्रेस एवं संयोजक अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण उपसमिति)